आज मिति २०८२ साल जेठ १९ गते यस लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष श्री लोप्साङ छोम्पेल विष्टज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकले तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा निम्न प्रस्तावहरु उपर छलफल गरी निम्न निर्णयहरु पारित गरियो ।

उपस्थिति:

१. अध्यक्ष श्री लोप्साङ छोम्पेल विष्ट

२. उपाध्यक्ष श्री छिरिङ ल्हामो गुरूङ

३. सदस्य श्री टै धुन्टु ठकुरी

४. सदस्य श्री थुक्तेन छिरिङ गुरूङ

५. सदस्य श्री झव्याङ तेन्जीङ गुरूङ

६. सदस्य श्री झयाङ छेसा गुरूङ

७. सदस्य श्री पासाङ गुरूङ

८. सदस्य श्री कर्म केसोम गुरूङ

९. सदस्य श्री पासाङ भुटी गुरुङ

१०. सदस्य श्री कचाङ छुटेन गुरुङ

११. सदस्य श्री कृष्ण प्रसाद वि.क.

१२. सदस्य श्री छिरीङ विटिक गुरूङ

१३, सदस्य श्री जिग्मे वाङदी विष्ट

१४. सदस्य सचिव श्री सरोज उपाध्याय

प्रस्तावहरू:

१, भूमी शाखा स्थापना सम्बन्धमा ।
२, फलफूल वगैंचाको क्लस्टर सम्बन्धमा ।
३, भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८१ सम्बन्धमा ।
४, विजुली मिटर बक्स राख्ने सम्बन्धमा ।

५, टेलिफोन तार खरिद गर्ने सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं.१: प्रस्ताव नं. १ माथि छलफल गर्दा, भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ दफा ५ (१) र सो दफासँग सम्बन्धित अनुसूची-१(ख बमोजिम) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन गर्ने कार्य सम्पन्न गर्न यस कार्यालयमा भूमिशाखा स्थापना गरी प्रशासकीय अधिकृत श्री निराजन के.सी.लाई कार्यविवरण सहित थप जिम्मेवारी तोकने निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं.२: प्रस्ताव नं. २ माथि छलफल गर्दा, कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१ को उपदफा ५(४) बमोजिम फलफूल बगेचाको क्लष्टर सार्वजनिक बाटो, खोला/खोल्सी कुलो/पैनी, विद्यालय, सार्वजनिक भवन, मठ/मन्दिर निजी घर आदिले खण्डीकृत गरेको अवस्था समेत क्लष्टर मानिने भनि उल्लेख भए तापनि सार्वजनिक जग्गा सम्वन्धी सो उपदफामा उल्लेख नभएकोले सार्वजिनक जग्गा समेत कलष्टरभित्र समावेश गरिने निर्णय गरियो ।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा, भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८१ को ड्राफ माथी विस्तृत छलफल तथा आवश्यक संशोधन गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा, यस कार्यालय कर्मचारी निवासमा २ वटा तथा घमी प्रहरी चौकी, घमीमा १ वटा छुट्टै विजुलीको मिटर बक्स राखि विजुली जडान गर्ने निर्णय गरियो ।

निर्णय नं.५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा, यस गाउँपालिकाको वडा नं. २ ढाकमर गाउँदेखि टेलिफोन टावरसम्म आवश्यक पर्ने टेलिफोन तार खरिद गरी जडान गर्ने निर्णय गरियो ।

Pasang